# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## उमाकुण्ड गाउँपालिका, रामेछाप

### आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# ***Serving the Nation and the People***

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति: २०७७/३/२५

श्री उमाकुण्ड गाउँपालिका,
रामेछाप ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७६।०७७
च.नं ८३४

श्री प्रमुखज्यू,
उमाकुण्ड गाउँपालिका,
रामेछाप ।

मिति: २०७७।३।२५

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले उमाकुण्ड गाउँपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ७९ लाख १० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु.६५ लाख ७६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १ लाख ४० हजार र पेश्की रु.२ लाख ६१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।६।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १५ (पन्ध्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# उमाकुण्ड गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यलेउमाकुण्ड गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालिका अर्न्तगत ७ वडा रहेको ३८ सभा सदस्य ४५१.९९ व.कि.मी. क्षेत्रफल १७६०१ जनसंख्या र वागमती प्रदेशमा अवस्थित छ ।यस गाउपालिकाको केन्द्र प्रिति रामेछापमा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम उमाकुण्ड गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २०८७५६७२।३६ | १ | **चालु खर्च** | | १९८४२४९०४.९३ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १८१७१७२२२ |
| | ख) बैंक | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७०७१५०६४.३३ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १८३२०२६।३५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६८८६५०३७९८ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | १८००० | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | २९१६६३९९९.० | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ११०९००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १८०७६३००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च (फ्रिज दाखिला)** | | २०३३८३८७.३४ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४८७२३०००.० | ७ | **मौज्दात** | | ३१७८७३५६.४२ |
| | क)वित्तीय समानीकरण अनुदान | ७६५५००० | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | ३६०६८००० | | | ख) बैंक मौज्दात | ३१७८७३५६.४२ | |
| | ग) समपूरक अनुदान | ५०००००० | | | ग) धरौटी मौज्दात | ५५५१२९ | ५५५१२९.०० |
| | घ) विशेष अनुदान | | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ७९७१२५ | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | ७९७१२५ | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | | ६७१३८ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | ४३२८२२९९१० | | **जम्मा** | | ४३२८२२९९१० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणको क्रममा निकासा फिर्ता वापत संघीय तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.१५९३२३९५।०० मिति २०७६।५।२२ मा बैक दाखिला गरि फिर्ता गरेको प्रमाण पेश भएको छ । साथै मिति २०७६।६।१ गते दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण वापत रु. १६९६००।०० रकम गरि कुल जम्मा रु.१६१०१९९५।०० केन्द्रिय संचित कोषमा दाखिला भएको प्रमाण पेश भएको छ | |
| १. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।<br>• गाउपालिकाले अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरु काम तोकिएको समय भित्रै आंशिक रुपमा सम्पन्न गरेको छ ।<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाइ खरिद भएको छैन ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) वमोजिम इकाई स्थापना गरेको छैन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको पाइएन ।<br>• कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको पाइएन ।<br>• जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।<br>• पेश्की माथी पेश्की दिने कार्यमा नियन्त्रण भएको देखिएन ।<br>• मर्मत अभिलेख खाता राखेको पाइएन ।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको छ ।<br>• सञ्चालित कार्यक्रम सवै अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनुपर्ने व्यवस्था रहेको छ । त्यसतै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ २५ मा पेश गरि आषाढ ३० भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ । सभावाट मिति २०७५।३।३० मा वजेट स्वीकृत गरी मिति २०७५।४।६मा प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । | |
| ३. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था बमोजिम नगरपालिकाको सभा मिति २०७५आषाढ ३० गते बसी वजेट, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ। | |
| ४. | **श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलित वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउपालिकाले आवश्यकताका आधारमा योजनाहरु छनौट गरी कार्यान्वयन गरेको पाइएन । नियमानुसार योजना छनौट तथा संचालन हुनुपर्दछ । | |
| ६. | **सेवा प्रवाह :** कार्यालय आ.व. ०७५/०७६ मा निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। | |

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | विवाह दर्ता | २८१ |
| २ | जन्म,मृत्यु दर्ता | ६९१ |
| ३ | बसाईसराई | ५६ |
| ४ | सम्वन्ध विच्छेद | १ |
| | **जम्माः** | **१०२९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **न्यायिक समिति :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ। गाँउपालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ। | |

| अ.ल्या | यस वर्ष थप मुद्दा | जम्मा मुद्दा | फछ्यौट संख्या | वाह्य प्रेषित मुद्दा | बाँकी |
|---|---|---|---|---|---|
| ० | ३६ | ३६ | २६ | ४ | ६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा गाँउपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा गाँउपालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महालेखापरीक्षकबाट स्वकृति भए वमोजिमको NEPSAS Based ढाँचामा लेखाङकन तथा प्रतिवेदन गरेको पाइएन । नियमानुसार तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। | |
| ९. | **कार्यक्रम परिवर्तनः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ। साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। सो विपरित वडा कार्यालयहरुको सिफारीसमा गाँउकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो। | |

| सि. नं | मौजुदा कार्यक्रम | रकम | परिवर्तित कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | छवरताते पदमार्ग निर्माण | ५००००० | वडा न १ का विभिन्न ३ कार्याक्रम | ५००००० |
| २ | वडा नं २ को खा.पा | १०००००० | वडा नं २ का विभिन्न ५ कार्याक्रम | १०००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन | | | |
| ३ | विपद व्यवस्थापन | १५०००० | विभिन्न १० जना | १००००० |
| ४ | कृषि कार्यक्रम गा.पा | ७५०००० | विभिन्न ३ कार्याक्रम | ७५०००० |
| ५ | वडा नं ४ विपद व्यवस्थापन | ३००००० | महिला, वाल वालिका भवन निर्माण | २००००० |
| ६ | वडा नं ५ का विभिन्न ८ कार्याक्रम | ७५०००० | वडा नं ५ का परीवर्तित ८ कार्यक्रमहरु | ७५०००० |
| ७ | वडा नं २ का विभिन्न २ कार्यक्रम | ११००००० | वडा कार्यालय भवन निर्माण | ११००००० |

१०. **लक्ष्य तथा प्रगति :** कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । कार्यालयवाट प्राप्त प्रगति विवरण अनुसार आर्थिक बर्ष २०७५।७६ मा निम्नानुसारको कार्यक्रममा  वित्तिय र भौतिक प्रगति निम्नानुसार रहेको छ ।

| कार्यक्रम/योजना | यो बर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | | |
|---|---|---|---|---|---|---|
| | | शुन्य प्रगति कार्यक्रम | २५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम | ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रम | ७५ प्रतिशतसम्म प्रगति कार्यक्रम | ७५ प्रतिशत भन्दा माथि प्रगति कार्यक्रम |
| वित्तिय समानीकरण पुंजिगत | २३१ | १० | ० | ० | ० | २२१ |
| रकम  रु हजारमा | १४२४९५ | १७२० | ० | ० | ० | १४०७९५ |

यस बर्ष सञ्चालित कार्यक्रमका विभिन्न क्रियाकलापका लागि रु.१४ करोड २४ लाख ९५ हजार विनियोजन भएकोमा कुल १४ करोड ७ लाख ९५ हजार खर्च भई समग्रमा ९३.४३ प्रतिशत मात्र वित्तिय प्रगति भएको छ । कार्यालयले क्रियाकलापगत रकम र परिमाण खुल्ने गरी एकिकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सोको विश्लेषण गर्न सकिएन । पेश भएको विवरण बमोजिम सञ्चालित कार्यक्रम मध्ये शुन्य प्रगति भएका कार्यक्रम १० वटा रहेका छन । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमा नै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनु पर्दछ ।

११. **जिन्सी व्यवस्थापन :** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तीको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नियमावली बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । जसबाट पालिकाले जिन्सी सम्पत्तीको अवस्था एकिन गर्न सकिएन । जिन्सीको लगत लिने, एकिकृत जिन्सी रजिस्टर तयार गर्ने रसमग्र रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सो वमोजिम मर्मत संम्भार र लिलाम विक्रीसम्बन्धी कार्य गरेको पाईएन । साथै वडाहरुमा जिन्सी सामानहरु खरिद गरी वडामानै दाखिला गर्ने गरेकोमा सो समेत समावेस गरी जिन्सी अद्यावधिक गरेको पाईएन । जसवाट वडाहरुको जिन्सीको लगत संरक्षण र अभिलेख व्यवस्थापन र प्रतिवेदन पालिकामा नहुंदा संरक्षणमा समस्या आउन सक्ने देदिन्छ । तसर्थ एउटा कार्यालयको जिन्सी खाता एकै ठाउँ राखी आवश्यक परेमा सहायक रजिष्टरमा जिन्सी अद्यावधिक गरी सोही वमोजिम जिन्सी लगत तथा निरीक्षण प्रतिवेदन समेत तयार गरी प्रतिवेदन वमोजिम आवश्यक कारवाही गर्नु पर्नेमा अलग अलग कार्यालय जस्तो जिन्सी व्यवस्थापन गर्नु उपयुक्त देखिएन ।

१२. **कर्मचारी व्यवस्था :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा संगठन र दरवन्दी सम्वन्धी व्यवस्था छ । गांउपालिकाको २१ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पछिल्लो पत्रवाट दरवन्दी रहने देखिएकोमध्ये प्रमुख प्रशासकिय अधिकृत सहित १३ पदहरु पूर्ति भई ८ पद रिक्त रहेको पाइयो । गांउपालिकाले ४३ कर्मचारी नियुक्ती गरी रु.७७०४०८२०७ खर्च लेखेको पाइयो ।

१३. **प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा नगरपालीकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगमा पठाउनु पर्ने छ । यस गाउपालीकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । | |
| १४. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गांउपालिकाले आ.ले.प. शाखा समेत गठन गरेको छैन । गांउपालिकाले आ.व.२०७५।७६ को कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको पालना गरी गराई आन्तरीक लेखापरीक्षण गराउनुपर्दछ । | |
| १५. | **समपुरक कोष :** नेपाल सरकार, अर्थ मन्त्रालयको च.न.९६९ मिति २०७५।२।२७ को आ.व २०७५।०७ को अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्वन्धी व्यवस्था र मागदर्शनको वुदा नं ७ मा शशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा सम्वन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सञ्चीत कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले प्रदेश समपुरक कोषको रकम रु ५०,००,००० खर्च नभई स्थानिय संचित कोषमा राखेको छ । खर्च नभई वाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता दाखिला हुनुपर्ने रु | ५००००००.० |
| १६. | **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको ६ वटा खाताको मौजदात रु ५२१२५७४३।७६ मा स्रेस्ता अनुसार मौजदान रु १२७९२१७७.३६ र चेक साट्न वाँकी रु ७५७९५४३३.६० देखाएको छ । | |
| १७. | **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ निम्नानुसार छ । प्रथम चौमासिकमा ०.६७ प्रतिशत, दोश्रो चौमासिकमा ९.०६ प्रतिशत र तेश्रो चौमासिकमा ९०.२७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ६२.६३ प्रतिशत खर्च भई तेस्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वार्षिक कार्यक्रम अनुसार चौमासिकरुपमा वजेट खर्च गर्नुपर्दछ । | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तिय समानीकरण पुंजिगत र राजश्व वाडफाँड | ११३१३७ | ८७४ | १२०६७ | १२०१९५ | ८३३९२ |
| | खर्च प्रतिशतमा | | ०.६५ | ९.०६ | ९०.२७ | ६२.६३ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | **राजश्व अभिलेख :**नेपाल सार्वजनिक क्षेत्र लेखामान, स्विकुत लेखा ढांचा तथा प्रदेश ३ आर्थिक कार्यविधि ऐन २०७४ को दफा २(भ) मा वित्तिय विवरण सम्वन्धी व्यवस्था छ । राजस्व आम्दानी देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गांउपालिकाले तोकिएका फारमहरुमा आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १९. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>यसबाट नगरपालिकाका योजना तर्जुमा तथा कार्यान्वयन कार्य प्रभावित भएको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन र प्रोफाईल तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कार्यसम्पन्न प्रतिवेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । यस पालिका कार्यालयवाट ३ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनिनिर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु.५१३९,४६९।०० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।<br>
<table>
<tr><th>गो. भौ. नं र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१४५।०७६।३।३०</td><td>भुमेश्वरी आ.वि. (भवन निमाण)</td><td>१८,०००००।</td></tr>
<tr><td>१४५।०७६।३।३०</td><td>भिमेश्वरी आ.वि .(भवन निमाण)</td><td>१५,७६०००।</td></tr>
<tr><td>१४५।०७६।३।३०</td><td>चण्डेश्वरी मा.वि. (भवन निमाण)</td><td>१७,६३४६९।</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>५१३९,४६९।००</td></tr>
</table></td><td>५१३९४६९.०</td></tr>
<tr><td>२१.</td><td>कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु ५ लाख विनियोजन गरेकोमा कर्मचारी कल्याण कोष खातामा ल्याएको देखिएन ।</td><td></td></tr>
<tr><td>२२.</td><td>सामाजिक भत्ता वितरण : सामाजिक सुरक्षा कार्यक्रम सञ्चलन कार्यविधि,२०७२ को बुदा नं.२२ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नु पर्दछ भन्ने व्यवस्था छ । नगरपालिकाले ८० वर्ष भन्दा माथि उमेर समुहका लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बैक मार्फत वितरण नगरि घर घर गई वितरण गरेको भरपाई पेश गरेको छ । साथै सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७२ को बुदा नं. १५(ङ),(अ) मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ/सस्थाका प्रतिनिधि र स्थानीय भद्रभलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति नगरपालिकाको सुचना पाटीमा टाँस गर्ने र एक प्रति लेखापरीक्षणको लागि भर्पाइसँग राख्नु पर्नेछ । गाँउपालिकाले प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा नागरिकमञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ/सस्थाका प्रतिनिधि र स्थानीय भद्रभलादमीको रोहवरमा वितरण गरेको मुचुल्का तयार गरेको पाइएन । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मुचुल्का तयार गरेर मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।<br><br>
साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले यो वर्ष सामाजिक सुरक्षा बापत निकासा भएको रु. ४४०८२०००.०० प्राप्त भएको मध्ये रु.४१२३२०००.०० खर्च भई रु. २८५००००.००केन्द्रिय खातामा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>लक्षित समूह खर्च : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनै पनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालीकाले वितरणमुखी तथा सभा सम्मेलन गोष्ठी  कार्यक्रममा समेत रु. ७९ लाख खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको छैन । कार्यविधिको पालना गरी खर्च गर्नुपर्दछ । | |
| २४. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २५. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । उमाकुण्ड गाउपालीकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउपालिका कार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधारको गाउपालिकाले नदी जन्य पदार्थ संकलन र उत्खनन कार्यको लागी लिखु खोलामा २ प्याकेज वनाई रु. ९८३९८० भुक्तानी खर्च लेखेको छ  । अत गाउ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| २६. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले आफ्नो क्षेत्रभित्रका व्यवसायीहरुको लगत राखेको छैन भने सभाले प्रस्ताव गरे अनुसार राजस्व असुल गरेको पाइएन ।.गाउपालिकाको आन्तरिक आय खर्चको तुलनामा ज्यादै न्यून रहेको र प्रस्ताव गरेको राजश्व पनि नउठाउदा स्रोत परिचालन नहुनको साथै व्यावसायलाई व्यवसायीलाई करको दायराभित्र ल्याउन सकेको छैन । अत आयस्रोतको क्षेत्र विस्तार तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । | |
| २७. | **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । गाउपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतवाट रु. २२ लाख मात्रको आन्तरिक आय प्रक्षेपणगरेको छ ।प्रक्षेपण गरिएको मध्ये रु. १८ लाख ३२ हजार मात्र संकलन भएको देखिएको छ । गाउँपलिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गनुपर्ने देखिन्छ । | |
| २८. | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । पालिकाले सवारीहरुको दर्ता एवं नविकरणको दर तोकेको भए पनि यो वर्ष आम्दानी गर्ने लक्ष्य नराखेको तथा आम्दानी समेत भएको पाईएन । दर्ता हुने सवारीको अभिलेख राखी कर असूलिलाई प्रभाबकारी वनाउनुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **कोष व्यवस्थापन :** गाउपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरु स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ। गाउपालिकाको वैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरु खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधी तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३०. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा विभिन्न प्रतिशत सम्म कर लिनूपर्ने व्यवस्था छ । गांउपालिकाले आर्थिक वर्ष २०७५।७६ मा कूनैपनि कर संकलन गरेको पाईएन । गांउपालिकाले आफ्नो उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| ३१. | **तलवी प्रतिबेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन । प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाकीसरह असुलउपर गरिनेछ भन्ने उल्लेख छ ।नेपाल सरकारवाट गाउपालिकामा खटाइएका विषयगत कार्यक्रमका ६ जनाको वाहेक तलबी प्रतिबेदन पारित नगरी तलव रु.७१६४९७०२।४३खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ । | |
| ३२. | **नर्म्स** : गाँउपालिकाले यस वर्ष गाडि भाडा वापत रु. ७०४०००।०० पूँजितगको कटेन्जेन्सी बाट खर्च लेखेको छ। गाँडा भाडाको र्नस र मापदण्ड तयार गर्नुपर्दछ। | |
| ३३. | **अवलोकन भ्रमण** : गो.भौ. नं. २५८/२०७६।३।३१ बाट विभिन्न ५० जना जनप्रतिनिधि र कर्मचारीले ११ दिन अवलोकन भ्रमण खर्च रु. २७ लाख लेखेको छ। वित्तिय समानिकरणबाट खर्च लेखेकोमा कार्यक्रम स्वीकृती, तालिका र सहभागीको उपस्थिति लगायत खर्चको प्रतिवेदन वेगर खर्च लेखेको नियमित नभएको रु. | २७०००००.० |
| ३४. | **आर्थिक सहायता:** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधिउपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । गांउपालिकाको सभावाट पारित गरी आन्तरीक चालु खर्च शीर्षकवाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गांउपालिकाको वैठकको निर्णयवाट आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ। यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित नगरी गरेको खर्च नियमित नदेखिएको रु.<br><br>गो.भौ.न. मिति \| कार्यक्रम \| सहायताको विवरण \| सहायता पाउने \| भुक्तानी रकम<br>२६०।३।३१ \| चालु \| औषधीउपचार \| २५ जना \| ६५९००० | ६५९०००।०० |
| | **आन्तरिक आयतर्फ :** | |
| ३५. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलेगाउंपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।यस वर्ष आन्तरिक आय दस्तुर रु. १८ लाख ३२ हजार दाखिला गरेको छ भने रसीद नियन्त्रण मार्फत खाता मार्फत् वडाहरुवाट नगदी र मालपोत रसीद रकम जम्मा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको पाइयो । यसको विस्तृत अभिलेख पेश हुन आएन । आम्दानी रकम पुरै दाखीला भए नभएको सम्वन्धमा गांउपालिकावाट छानविन गरी यकिन हुनुपर्दछ । | |
| ३६. | **आन्तरीक आय** : यस वर्ष पालिकाले मालपोत कर सेवा शुल्क, घर भाडा, अन्य दस्तुर, नविकरण दस्तुर गरी राजश्व बांडफांड बाहेक रु. १८ लाख आम्दानी गरेको विवरण प्राप्त भएको छ । पालिकाले आफै लिने राजश्व रकम रसिद काट्ने गरेको तथा वडाहरुवाट प्राप्त हुने राजश्व वैंक दाखिला भौचरका आधारमा आम्दानी वाध्ने  गरेको पाईयो । नगद मार्फत आम्दानी भएको रकमको दैनीक आम्दानी तथा दाखिला विवरण तयार नगरी वैक दाखिलाका आधारमा आम्दानी वांधेको तथा वडागत रुपमा विभिन्न शिर्षकहरुमा प्राप्त हुने रकमको लागि कस्ता प्रकारका आयका लागि कति व्यक्ति वा संस्थाबाट प्राप्त हुनु पर्ने हो र कतिले बुझाउन बाँकी छ भन्ने वडा तथा गांउपालिकाले अभिलेख राखेको छैन । जसले गर्दा आन्तरिक आयको सम्बन्धमा प्राप्त हुनपर्ने वा उठाउन पर्ने राजश्व तथा उठेको सवै राजश्व आम्दानी जनाएको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था छैन । आम्दानी रकम पुरै दाखिला भए नभएको सम्वन्धमा गांउपालिकावाट छानविन गरी एकिन हुनु पर्दछ । | |
| ३७. | **नगदी रसिद :** गाउँपालिकाले नगदी रसिद तथा मालपोत रसिद छपाई र छपाई भएका प्याडहरु रसिद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजश्व उठाउने कर्मचारीलाई वुझाउनु पर्दछ । राजश्व उठाउने कर्मचारीले वुझि लगेका रसिद मध्ये काटि सकिएका ठेलि रसिदहरु गाउपालिकाले फिर्ता लिई सो वमोजिमको राजश्व वा मालपोत प्राप्त भए नभएको एकिन गरी राजश्व हिसाव फरफारख गर्नुपर्दछ । गाउपालिकाले छपाइ गरेका सवै नगदी रसिदको हिसाव रसिद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसिद तथा मालपोत रसिद जिम्मा लिनेवाट रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । गाउपालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडावाट जम्मा भयो के काति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै वैकमा जम्मा भएको आधारमा पनि आन्तरिक राजश्व हिसाव देखाएको छ । अत गाउपालिकाको छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख समेत सवै वडाको छानविन गरी वास्तविक राजश्व हिसाव देखाउनु पर्दछ । | |
| ३८. | **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गांउपालिकाले पुजीगत खर्चका २३१ उपभोक्ता समिति वाट कार्य गराई रु.१३३१३७ हजार भुक्तानी खर्च लेखेकोमा कुनै पनि योजनार्को सार्वजनिक परीक्षण र सुनुवाई गरेको पाइएन । सञ्चालित योजनाको खर्च सार्वजनिक गराई समाजिकपरीक्षण हुनु पर्दछ । | |
| ३९. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनले व्यवस्था नगरेको अवस्थामा पालिकाले देहाय बमोजिम रु.६४१०६५० सुविधा वापत भुक्तानी भएको छ । सो मध्ये बैठक भत्तामा मात्र खर्च गरेको रु | ३०१७४५० |

| सि. नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ४ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३६०००० | ३००००० | १६८००० | २८८००० | १४४०००० | २५५६००० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | १८००० | १२००० | ६७२०० | ० | ० | ९७२०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | बैठक भत्ताा (बैठक संख्याको आधारमा) | | | | | | ३०१७४५० |
| ४ | खाजा भत्ता (मासिक) | | | | | | |
| ५ | पुस्तक पत्रपत्रिका ( मासिक) | | | | | | |
| ६ | अनुगमन भत्ता (मासिक) | | | | | | |
| ७ | खानेपानी , बिजुली महसुल (मासिक) | | | | | | |
| ८ | सरसफाई मर्मत (मासिक) | | | | | | |
| ९ | पर्व | | | | | | |
| १० | पोशाक | २०००० | २०००० | १४०००० | ८०००० | ४८०००० | ७४०००० |
| ११ | घर भाडा खर्च | | | | | | |
| | **जम्मा:** | | | | | | **६४१०६५०** |

४०. **पोशाक खर्च :**गाँउपालिका तथा गाँउ सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको प्रदेश नं ३ को ऐन, २०७५ को दफा ३ बमोजिम अनुसुची १ मा व्यवस्था भए बमोजिम सुविधा पाउनेमा सो कानुनमा व्यवस्था नभएको पोशाक खर्च रु.७ लाख ४० हजार सवै पदाधिकारीले भुक्तानी लिएको पाईयो । प्रदेश कानुन अनुसार सुविधा भुक्तानी हुनु पर्नेमा सुविधा सम्वन्धि कानुनमा नभएको सुविधा पोषाक तथा दशैं खर्च नियम संम्मत देखिदैन । कानुन र मापदण्ड अनुसार मात्र सुविधा भुक्तानी गर्नु पर्ने रु. — ७४००००।००

४१. **योजना र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गांउपालिकाले यस वर्ष सञ्चालन गरेका योजनाहरुमा आवश्यकताका आधारमा छनौट गरेको देखिन्छ । नियमानुसार योजनाहरुको प्रथामिकता र वर्गीकरण गरी छनौट तथा सञ्चालन गर्नु गराउनुपर्दछ ।

४२. **अबण्डा रकम** - नगरपालिकाले पुंजीगत खर्चको आ.व. ०७५।०७६ को बजेट मा बाँडफाड नगरी रु. १ करोड ६७ लाख ५० हजार बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । गांउपालिकाले बजेट बाडफाँदमा कार्यक्रम ने उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजि रुपमा निर्णय गरी खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ ।

| कार्यक्रमको नाम | रकम |
|---|---|
| शिक्षा कार्यक्रम | १ करोड |
| कृषि कार्यक्रम | ७ लाख ५० हजार |
| पर्यटन प्रवर्द्धन | ६० लाख |
| जम्मा: | |

**स्वास्थ्य तर्फ**

४३. **ग्रेड वढी भुक्तानी :** १५१।०७६।३।३१ निजामति सेवामा मिति २०५७ साल भन्दा पहिला नियुक्त भएका प्राविधिक कर्मचारीलाई प्राविधिक २ ग्रेड उपलब्ध गराउने व्यवस्था छ । प्राविधिक ग्रेडमा विगतमा खाइपाई आएको ग्रेडको आधारमा भुक्तानी गर्नुपर्ने नयाँ ग्रेड माान अनुसार छुट ग्रेड भनी ३९ महिनाको तलव ग्रेड भुक्तानी भएकोले फरक परेको ग्रेड वढी भुक्तानीको स्पष्ट कानुनी आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| पद | कर्मचारी नाम | हुनुपर्ने ग्रेड | भएको ग्रेड | रकम |
|---|---|---|---|---|
| सि.अ.हे.व छैटौ | किशोरी प्र.शाह | ६४० | २०३४ | ५४३६६ |
| अ.हे.व छैटौ | रामाशिष यादव | ६४० | २०३४ | ५४३६६ |
| अनमी स. पाँचौ | सृजना रुपाचा | ४८० | १५६६ | ४२३५४ |

बेरुजू रकम: १९३४४०.००

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>अनमी पाँचौ</td><td>भिममाया सुनुवार</td><td>४८०</td><td>१५६६</td><td>४२३५४</td></tr><tr><td colspan="2">जम्मा</td><td>२२४०</td><td>७२००</td><td>१९३४४०</td></tr></table></td><td></td></tr>
<tr><td>४४.</td><td>औषधी खरिद : कार्यालयले औषधी खरिद गर्नको लागि १४ लाखको ल.ई. तयार गरी शिलवन्दी दरभाउपत्र आव्हान गरेकोमा सवैभन्दा कम कवोल गर्ने गौतम मेडिको फर्मालाई छनौट गरी मिति २०७५।१०।१५ सम्म औषधी आपूर्ति गरी सक्ने भनी मिति २०७५।९।२५ मा सम्झौता भएको छ । सम्झौता अनुसार २०७५।१०।१५ सम्म सामान आपूर्ति नगरेको सम्वन्धित सप्लार्यसले पेश गरेको विल भरपाईबाट देखिन्छ । यसरी संवेदनशिल बस्तुको आपूर्ति समयमै गराउन कार्यालयले प्रयत्न गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>निरिक्षण र स्वीकृती : पालिकाले आपूर्ति गरिएका मालसामान संझौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्नेव्यवस्था छ ।  खरिद भएका औषधी तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व संझौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>दाखिला प्रतिवेदन नभएको : गांउपालिकाको विभिन्न मितिको निर्णयानुसार विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामानहरु हस्तान्तरण फाराम मार्फत पठाएको पाइयो । हस्तान्तरण फाराम मार्फत पठाइएका सामानहरु भण्डार दाखिला गरी ७ दिन भित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । दाखिला प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्थावाट पठाएको नपठाएको अभिलेख स्पष्ट रुपमा राखेको पाइएन । दाखिला प्रतिवेदन नपठाएका संस्थाहरुमा गएको सामान सही सदुपयोग भयो भन्ने विश्वस्त हुन सकिएन । ह.फा. मार्फत गएका सामानहरुको दाखिला प्रतिवेदन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त पशुसेवा</td><td></td></tr>
<tr><td>४७.</td><td>अनुगमन : गाई भैंसी अनुदान, बोका वितरण, बँगुर, कुखुरा जस्ता कार्यक्रमको लागि अनुदान वितरण तथा गोठ सुधार, भकारो सुधार जस्ता कार्य सञ्चालन गरी  खर्च लेखेको छ । यस प्रकारका अनुदानहरु विगत वर्षमा पनि दिइदै आएको छ । यसरी वर्षै पिच्छे दिइने अनुदान रकम कति प्रभावकारी भयो, कति सफल भएन त्यसको अनुगमन निरीक्षण गरी प्रतिवेदन गर्ने गरेको छैन । पालिकाले वितरण गरेको अनुदानको प्रभाव मुल्यांकन नियमित रुपमा गरी प्रतिवेदन गर्नु पर्दछ । दोहोरो नहुनको लागि साल बसाली अभिलेख अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८.</td><td>अनुदान : कृषक अनुदान उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०७५ अनुसार कृषकलाई अनुदान उपलव्ध गराउने विधि उल्लेख गरेको छ । जसमा कृषकको आवस्यकता अनुसार ५० प्रतिशत योगदानमा र बाँकी  ५० प्रतिशत सरकारी अनुदान दिने व्यवस्था गरेको छ । कार्यालयले कृषि तर्फ प्राप्त बजेट कृषकको योगदान को आधारमा नभई वितरणमूखी तवरले खर्च गरेको छ । कार्यविधि अनुसार खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>निर्माण कार्यको अभिलेखः निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपनें मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गरी राख्नुपर्नेमा सो अनुरुप अभिलेख राखेको छैन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५०.</td><td>लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै  कार्यको नापी प्रयोजनका लागि, विल अनुसार निर्माण कार्यको परिमाण खुल्ने गरी लुजसिट (कार्य सम्पन्न हरेका विलको) प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजांच र भुक्तानी देखिने गरी योजना / कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताब राखेको पाइएन ।</td><td></td></tr>
<tr><td>५१.</td><td>उपभोक्ता समिति : पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।</td><td></td></tr>
<tr><td>५१.१</td><td>सार्बजनिक खरिद ऐन,२०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउंदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने  तथा सार्वजनिक खिरद नियमावली २०६४ को निमयम ९७(९)प्राविधिक रुपमा जतिल काम ( मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अबस्थाका काम गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहायका उल्लेखित बिबरण अनुसार उपभोक्ता समितिबाट गराएको काम मितव्ययि, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने निश्चित आधार नभएको तथा उपभोक्ताबाट काम हुन सक्ने अबस्था नभएको प्राविधिक रुपमा जटिल काम अर्थात भवन निर्माण तथा सडकका कार्य गर्ने जस्ता काम उपभोक्ता समितिसंग सम्झौता गरी गराएको मनासिव  देखिदैन । प्रविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समिति बाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ ।
<table>
<tr><th>भौचर नं.</th><th>उपभोक्ता समितीको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११/०७५/९/१५</td><td>गदम च्यादलु सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>३८४००००.००</td></tr>
<tr><td>१३/०७५/१०/०२</td><td>कोल्डांडा विविरे सडक स्तरोन्नती उ.स.</td><td>सडक निर्माण</td><td>१४४००००.००</td></tr>
<tr><td>२१/०७५/११/२२</td><td>वडा कार्यालयको भवन निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१५९००००.००</td></tr>
<tr><td>२९/०७५/१२/०३</td><td>च्यादलु डाडाखर्क सेनुधारा लिखु सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>२०९८०००.००</td></tr>
<tr><td>७४/०७६/२/१०</td><td>लिखु खोला करिडोर उ.स.</td><td>करिडोर निर्माण</td><td>१८२६६४५.००</td></tr>
<tr><td colspan="2">जम्माः</td><td></td><td>१०७९४६४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.२</td><td>मर्मत संभार कोष : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समिति वा लाभग्राहि समूदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ ।  सोही  नियमावलीको  नियम ९७(१) मा १ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था उल्लेख छ । त्यस्तै उपदफा (१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्ने र उप नियम (१५) मा हस्तान्तरित योजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था उल्लेख छ । गांउपालिकाले यस आ.व.मा अधिकाशं काम उपभोक्ता समिति मार्फत  गराएको देखिएको छ । काम सम्पन्न भएको स्थितिमा, सम्पन्न योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको र मर्मत संभारका लागि कुनै कोष खडा गरेको देखिएन । योजना उपभोक्तालाई हस्तान्तरण तथा सेवा शुल्क</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्धारण गरी कोष स्थापना हुनु पर्ने देखिन्छ ।<br><br>गो. भौ.न. र मिति / उपभोक्ता समितिको नाम / भुक्तानी रकम / कार्यक्रम:<br>१०।२०७६।०२।२५ / कालो चौतारा सिगी वत्ती सडक मर्मत / ४७३९२१३ / प्रदेश<br>६।२०७६।०२।०९ / धोखि डिलौरी सैदु, दुरागांउ भुजी प्रिति वाम्ती गुम्देल सडक निमार्ण उ.स. / २९५६७१७ / प्रदेश<br>०४।२०७६।०१।२२ / धोखि डिलौरी सैदु, दुरागांउ भुजी प्रिति वाम्ती गुम्देल सडक निमार्ण उ.स. / २४६१२२६ / प्रदेश<br>३१।२०७६।०३।२० / गुम्देल वस्ती सडक / ४३५८७५४ / प्रदेश | |
| ५१.३ | **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार मूल्य अभिवृद्धि, ओभरहेड खर्च कन्टेन्जेन्सी लगायत जनसहभागितको अंश सहित कुल १ करोड सम्मको लागत अनुमान भएको कार्य लाभग्राही उ.स. वनाई खरिद प्रक्रिया अघि बढाउन सक्ने व्यवस्था छ । कार्यालयले घोवी दिलौखी सेपु दुरागाँउ प्रिति बाम्ती गुग्देल सडक उ.स.लार्य उक्त सडक निर्माण गर्न रु. ११२२१०३४।०० को ल.इ. तयार गरि उ.स. सँग सम्झौता गरी कार्य सञ्चालन भएको छ । सडक निर्माण कार्य प्रगति अनुसार २ वटा रनिङ बिल बाट क्रमश: २५ लाख र ३० लाख भुक्तानी भएको छ । यसरी उपभोक्ता समिति मार्फत अधिक्तम १ करोड सम्म ल इ भएको कार्य सम्पन्न गर्न सकिनेमा १ करोड बढीको निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ । | |
| ५१.४ | **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गांउपालिकाले सो वमोजिम भए गरेको पाइएन । | |
| ५२. | **कार्यकम संचालन प्रकिया**: पालिकाबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशालागोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले तलिम कार्यक्रम गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । कार्यक्रम संचालन गर्दा लागत अनुमान तयार गर्ने र कार्यकम संपन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ५३. | **अनुदान रकमको उपयोग :** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ मा खर्च गर्ने तरिका सम्वन्धमा व्यवस्था छ । गांउपालिकाले मन्थली न.पा. र विभिन्न विद्यालयहरुलाई रु.३१९९००० अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग व्यवस्था सम्बन्धमा एकिन हुन सकिएन ।<br><br>व.उ.शि.न. / गो.भौ.न. र मिति / भुक्तानी पाउने / रकम:<br>पुंजिगत / ५२।०७६।१।२० / मन्थली न.पा. / ६०००००।<br>पुंजिगत / १९६।०७६।१।२० / विद्यालयहरु ४५ वटा / २५९९०००।<br>जम्मा: / / / ३१९९००० | |
| ५४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** गांउपालिका वोर्डको निर्णयानुसार यस कार्यक्रमलाई प्राप्त निकासा खर्च रु २१ लाख प्रत्येक ७ वटा वडामा ३ लाखका दरले वेरोजगार निवेदन दिएका वेरोजगारीवाट कार्य संचालन गरी वडा सचिव मार्फत मिति २०७६।३।३० मा प्रत्येक वडाहरुलाई निकासा गरेको पाइयो । सडक निर्माण सोलिङ्ग कार्यको लागि प्रतिदिन रु.६६५ का दरले डोर हाजिर मार्फत् खर्च लेखेको र गल, सावेल,मार्वल जस्ता सामनहरु खरीद | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको देखिन्छ । स्रेस्ता साथ ल.ई नापी किताव र सम्झौता संलग्न गरेको पाइएन । मिति २०७६।३।३० मा निकासा भएको रकमको मिति २०७६।३।३१ मा सम्पन्न भएको देखिन्छ । सो कार्यको प्रभावकारीता सम्वन्धमा अनुगमण तथा प्रतिवेदन संलग्न गरको पाइएन। साथै खरीद गरीएका सम्पत्तीहरु के, कति र कहां छन्र सोको सम्वन्धित निकासा जिन्सी दाखीला तथा प्रतिवेदन भएको पाइएन । अत: कार्यक्रमलाई थप प्रभावकारी वनाउन कार्यको अनुगमण गर्ने, गराउने र खरीद सामानहरुको अवस्था यकिन गरी सम्पत्तीको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>सवारी साधन : गांउपालिकामा चालु अवस्थामा रहेको डोजर १ टिपर १ गत वर्ष खरिद गरी संचालनमा रहेको पाइयो । गांउपालिकाले दुवै सवारी साधनहरु भाडामा लगाएको तर आम्दानी अर्थात् लिन वांकी भांडा रकम नउठाएको अवस्था देखिन्छ । उठ्न वांकी को को संग के कती छ सोको अभिलेख समेत लेखापरिक्षणलाई पेश हुन आएन । गांउपालिकाले हेभी मेशिनरी साधनको सञ्चालन कार्यविधि एवं मर्मत सम्भार कोष समेत वनाएको देखिएन । तसर्थ, गांउपालिकाले कार्यविधि सञ्चालन कार्यविधि वनाएर भाडा हेभि मेशिनरी साधन सञ्चालन गर्ने र भाडामा लगाएको उठ्न वांकी रकम के, कती छ सोको अवस्था छानविन गरी यकिन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>ग्रैह सरकारी संस्था बाट कार्य_सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) मा २५ हजार रुपैया भन्दा बढीको कुनै पनि प्रकारको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने , तथा सोही ऐन को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिश्पर्धा सिमित हुने गरी टुका टुक्रा पारी खरिद गर्न नहुने ,सोही ऐन को दफा ४६ मा जनचेतना सम्बन्धि तालिम , अभिमुखिकरण, सवलिकरण, मुलप्रवाहीकरण जस्ता कार्य ग्रैह सरकारी संस्थाबाट गराउदा छिटो छरितो, प्रभावकारी र मितव्यी हुने भएमा तोकिएको प्रक्रिया पुरा गरी गर्न सकिने व्यवस्था छ । यस कार्यालयले ग्रैह सरकारी संस्था बाट काम गराउदा ऐन नियमका उल्लेखित व्यहोरा विपरित लागत अनुमान तयार नगरेको ,एउटै कामलाई टुका टुका पारेको, ग्रैह सरकारी संस्थाबाट काम गराउदा छिटो छरितो,प्रभावकारी र मितव्ययी आधार प्रमाण सहित मुल्याङ्कन नगरेको, रु २००००।०० भन्दा माथिको काम गराउदा मुल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थाबाट काम गराउनु पर्नेमा मु.अ.करमा दर्ता नभएको सान नेपाललाई सार्वजनिक सुनुवाई वापत वापत ल.ई. समेत तयार नगरी रु. २ लाख भुक्तानी गरेको नियमित नभएको रु.</td><td>२०००००.००</td></tr>
<tr><td>५७.</td><td>पेश्की : प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । नियमानुसार पेश्की रकम अविलम्ब असूल फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>पेश्कि लिनेको पद</th><th>पेश्कि लिनेको नाम</th><th>पेश्कि वांकी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>काननी सहनकर्ता</td><td>किरण वहादुर कार्की</td><td>२६१०४२।</td><td>पुंजिगत</td></tr>
</table></td><td>२६१०४२.००</td></tr>
<tr><td>५८.</td><td>सम्परीक्षण :प्रदेश आर्थिक कार्याविधि ऐन २०७४ को दफा ३५(२) मा कार्यालयले बेरुजू फछ्यौट गरिसम्परीक्षणको लागी अनुरोध गर्नु पर्ने व्यवस्था छ । कार्यालयको गत विगतको बेरुजू मध्ये लेखापरीक्षणको क्रममा बेरुजु सँग सम्बन्धित प्रमाण कागजातहरु सलग्नराखी बेरुजू फछ्यौट गरि सम्परीक्षण लागि रु.२६४४८३७७.००अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासीब देखिएकोले बेरुजु फछ्यौट गरीएको छ । सो को विवरण मिति २०७६।०।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदनमा संलग्न छ ।</td><td></td></tr>
</table>

अनुसूची - १

## उमाकुण्ड गाउँपालिका, रामेछापको सञ्चित कोष विवरण२०७५।०७६

**प्रदेश: बागमती**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | उमाकुण्ड गा.पा | रामेछाप | २०८५७ | ११८५५५ | २२१८३१ | ७१५८० | ४११९६६ | १९८४२५ | १८१७१७ | ० | ३८०१४२ | ५२६८१ |

अनुसूची - २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार) २०७५।०७६

**प्रदेश: बागमती**

रु.हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| ५६ | ९ | १७९१० | ० | ० | ० | ५६ | ९ | १७९१० | ९३३ | ६५७६ | १०१४० | ० | ० | १६७१६ | ० | २६१ | २६१ |

अनुसूची - ३

## अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | उमाकुण्ड गा.पा | रामेछाप | ४०५८४ | २६४४८ | १४१३६ | ०० | १७९१० | ३२०४६ |